अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
email: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

प.स. : ०७६/०७७
च.नं. :

मिति: २०७६/११/२५

**विषय: परीक्षा सम्बन्धी जरुरी सूचना।**

प्रस्तुत विषयमा विश्वभर कोरोना भाइरस (कोभिड-19) को सङ्क्रमण र संत्रास बढ्दै गएको विद्यमान अवस्था र नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त पत्रबमोजिम कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा यथाशीघ्र सञ्चालन गर्नुपर्ने देखिएको सन्दर्भमा यस नगरपालिकाको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति र सरोकारवालाहरूको मिति २०७६/११/२५ को बैठकबाट देहायका निर्णयहरु भएकाले कार्यान्वयन गर्न गराउनहुन सम्बन्धित सबै विद्यालयहरूलाई जानकारी गराइन्छ।

१. कक्षा ८ को नगरस्तरीय परीक्षा २०७६ साल फागुन ३० गतेदेखि सञ्चालन गर्ने (परीक्षा तालिका यसैसाथ संलग्न छ)।

२. सामुदायिक विद्यालयहरूमा सञ्चालन हुने कक्षा ५ को नगरस्तरीय परीक्षा २०७६ फागुन ३० गतेदेखि सञ्चालन गर्ने (परीक्षा तालिका यसैसाथ संलग्न छ)।

३. कक्षा १ देखि ९ सम्मका अन्य कक्षाका वार्षिक परीक्षा यथाशीघ्र सम्पन्न गर्नेगरी आवश्यक व्यवस्थापन गर्न सबै विद्यालयहरूलाई निर्देशन दिने।

४. विद्यार्थीलाई कोरोना भाइरस सङ्क्रमणबाट जोगाउन सहायता पुर्याउन नगर स्तरमा सञ्चालन हुने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८) का परीक्षार्थीहरूलाई नगरपालिकाले परीक्षा केन्द्रमै मास्क वितरणको व्यवस्था गर्ने र अन्य कक्षाका विद्यार्थीहरूलाई समेत मास्क वितरण गर्न **IEMIS** तथ्याङ्कका आधारमा प्रतिविद्यार्थी रु. २० का दरले विद्यालयहरूलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने (विद्यालयले प्रत्येक विद्यार्थीलाई तत्काल मास्क उपलब्ध गराउने)।

५. शुद्ध पानी पटक पटक पिउन र साबुन पानीले हात धुन सबै विद्यार्थी र शिक्षकहरुलाई अनिवार्य गर्ने।(यसका लागि विद्यालयले आवश्यक व्यवस्था मिलाउने)।

(हेमन्त राज पन्त)
**शाखा अधिकृत**

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

प.स. : ०७६/०७७
च.नं. :

**विषय: आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८)को संशोधित समय तालिका ।**

**परीक्षा सञ्चालन समय: दिउँसो १२:०० बजे देखि**

| क्र.सं. | मिति | विषय | पूर्णाङ्क | समयावधि |
|---|---|---|---|---|
| १ | २०७६ साल फागुन ३० गते शुक्रबार | गणित | १०० | ३ घण्टा |
| २ | २०७६ साल चैत्र ०१ गते शनिवार | नेपाली | ७५ | २ घण्टा १५ मिनेट |
| ३ | २०७६ साल चैत्र ०२ गते आइतबार | अङ्ग्रेजी | ७५ | २ घण्टा १५ मिनेट |
| ४ | २०७६ साल चैत्र ०३ गते सोमबार | विज्ञान तथा वातावरण | ७५ | २ घण्टा १५ मिनेट |
| ५ | २०७६ साल चैत्र ०४ गते मंगलबार | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ७५ | २ घण्टा १५ मिनेट |
| ६ | २०७६ साल चैत्र ०५ गते बुधबार | पेसा, व्यवसाय र प्रविधि शिक्षा | ५० | १ घण्टा ३० मिनेट |
| ७ | २०७६ साल चैत्र ०६ गते विहीबार | कम्प्यूटर शिक्षा | ५० | १ घण्टा ३० मिनेट |
| ८ | २०७६ साल चैत्र ०७ गते शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३० | १ घण्टा |
| | | नैतिक शिक्षा | २५ | ४५ मिनेट |

पुनश्चः परीक्षा केन्द्र र अन्य निर्देशनहरू यसपूर्व निर्धारण भएबमोजिम यथावत राखिएको छ ।

**कक्षा ५ को वार्षिक परीक्षाको संशोधित समय तालिका ।(सामुदायिक विद्यालयका लागि)**

**परीक्षा सञ्चालन समय: दिउँसो १२:०० बजे देखि**

| क्र.सं. | मिति | विषय | पूर्णाङ्क | समयावधि |
|---|---|---|---|---|
| १ | २०७६ साल फागुन ३० गते शुक्रबार | अङ्ग्रेजी | १०० | ३ घण्टा |
| २ | २०७६ साल चैत्र ०१ गते शनिवार | नेपाली | १०० | ३ घण्टा |
| ३ | २०७६ साल चैत्र ०२ गते आइतबार | गणित | १०० | ३ घण्टा |
| ४ | २०७६ साल चैत्र ०३ गते सोमबार | विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा | १०० | ३ घण्टा |
| ५ | २०७६ साल चैत्र ०४ गते मंगलबार | सामाजिक अध्ययन र सिर्जनात्मक कला | १०० | ३ घण्टा |
| ६ | २०७६ साल चैत्र ०५ गते बुधबार | स्थानीय विषय | १०० | ३ घण्टा |